आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः २८ जुलाई २०२४
समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आकाशवाणीमा मन की बात कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्दै असमको चराइदेव मैदानलाई युनेस्कोको विश्व सम्पदा स्थलहरूमा समावेश गर्नु गर्वको विषय भएको बताउनु भयो|
२. दार्जिलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदी तथा वित्तमन्त्री निर्मला सीतारमणलाई 2024-25 बजेटमा 'प्रधानमन्त्री चा श्रमिक प्रोत्साहन योजना' शुरु गरेकोमा धन्यवाद दिनु भएको छ।
३. राज्यको राजधानी कोलकाता अनि यसको वारी परि का क्षेत्रहरु मा आगामी २४ घण्टाको अवधि आकाशमा बादल बनि रहने साथै हल्का देखि मध्यम वर्ष हुने सम्भावना मौसम विभाग ले व्यक्त गरेको छ|
४. राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिस ओलम्पिकमा १० मिटर एयर पिस्टल सुटिङ इभेन्टमा कास्य पदक जितेर भारतको पदक तालिकाको सुरुवात गरेकोमा मनु भाकरलाई हार्दिक शुभकामना दिनु भएको छ।

**मन कि बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले असमको चराइदेव मैदानलाई युनेस्कोको विश्व सम्पदा स्थलहरूमा समावेश गर्नु गर्वको विषय भएको बताउनु भयो। आकाशवाणीमा मन की बात कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्दै, उहाँले भन्नु भयो यो साइट सूचीमा भारतको 43 औं स्थान हुनेछ र उत्तर-पूर्वको पहिलो सांस्कृतिक विश्व सम्पदा स्थल हुनेछ। श्री मोदीले भन्नु भयो कुनै पनि देशले आफ्नो संस्कृतिमा गर्व गरेर मात्र प्रगति गर्न सक्छ। यस सम्बन्धमा भारतमा भइरहेको प्रयासलाई प्रकाश पार्दै उहाँले 'परी' अर्थात् भारतको सार्वजनिक कला आयोजनाको उल्लेख गर्नु भयो। उदीयमान कलाकारहरुलाई एउटै मञ्चमा ल्याएर सार्वजनिक कलालाई लोकप्रिय बनाउन यो परियोजना ठूलो माध्यम बन्दै गएको प्रधानमन्त्रीले बताउनु भयो। सडक छेउ, पर्खाल र अन्डरपासमा टाँसिएका चित्रहरु यी कलाकारहरुले बनाएको प्रधानमन्त्रीले बताउनु भयो। श्री मोदीले भन्नु भयो कुनै पनि देशले आफ्नो संस्कृतिमा गर्व गरेर मात्र प्रगति गर्न सक्छ। यस सम्बन्धमा भारतमा भइरहेको प्रयासलाई प्रकाश पार्दै उनले 'परी' अर्थात् भारतको सार्वजनिक कला आयोजनाको उल्लेख गरे । उदीयमान कलाकारहरुलाई एउटै मञ्चमा ल्याउने यो परियोजना सार्वजनिक कलालाई लोकप्रिय बनाउने प्रमुख माध्यम बन्दै गएको प्रधानमन्त्रीले बताउनु भयो। प्रधानमन्त्रि ले पेरिस ओलम्पिकमा भारतीय टीमका खेलाडीहरुको प्रोत्साहन बढाउन देशको मानिसहरुलाई आग्रह गर्नु भएको छ। यसको साथमा अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा देशको मान बढाउने हाम्रो युवाहरूलाई शुभकामना दिनु भएको छ।

*******

**राजु विष्ट**

दार्जिलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदी तथा वित्तमन्त्री निर्मला सीतारमणलाई 2024-25 बजेटमा 'प्रधानमन्त्री चा श्रमिक प्रोत्साहन योजना' शुरु गरेकोमा धन्यवाद दिनु भएको छ। श्री बिष्टले यस योजना अन्तर्गत चिया बगानको स्वास्थ्य सेवा, शैक्षिक पूर्वाधार तथा समाज कल्याण सुधार गर्न १,००० करोड रुपियाँ आवंटन गरेकोमा आभार व्यक्त गर्नु भएको छ। श्री विष्टले केन्द्र सरकारले राज्य आपदा राहत कोषमा पश्चिम बंगाललाई लगभग १२०० करोड रुपियाँ आवंटन गरेको बताउनु भएको छ| उहाँले बङ्गाल सरकारले यो विनियोजनलाई टिस्टा बाढी र यस क्षेत्रका पहिरो पीडितलाई आर्थिक सहयोग उपलब्ध गराउने छ भनि आशा व्यक्त गर्नु भएको छ। श्री विष्टले राज्यमा रेलवे पूर्वाधारको विकासको लागि केन्द्र सरकारले 13,941 करोड रुपियाँ विनियोजन गरेको

बताउनु भएको छ| उहाँले भन्नु भयो 60, 000 करोडको रुपियाँ रेलवे परियोजनाहरू हाल राज्यमा चलिरहेको छ, जसमा अमृत भारत स्टेशन योजना अन्तर्गत, सिलिगुडी जंक्शन, एनजेपी तथा जलपाईगुडी स्टेशनहरू समावेश छन्|

*******

**बीजीपीएम**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले स्वतन्त्रता दिवसको उपहारको रूपमा दार्जीलिङलाई सफा, खुल्ला तथा दोकान रहित चौरास्ता र मल रोड फिर्ता दिने घोषणा गरेका छन्| अनित थापाले दार्जीलिङको चौरास्ता र मल रोडलाई शहरको मुटु मानिन्छ भने, महाकाल बाबाको धाम पनि यही ठाँउमा अवस्थित छ। तर, फुटपाथहरूमा दोकानपाट चलाउने कारणले मानिसहरूलाई हिंड्न गाह्रो भइरहेको र पूजा अर्चना गर्ने स्थलमा खाद्यान्न पकाएर बेच्ने कारण श्रद्धालुहरूले गुनासो गरिरहेको जानकारी दिनु भएको छ। फुटपाथमा दोकान चलाउने व्यापारीहरूलाई विस्थापित नगरी वैकल्पिक दोकानपाटको व्यवस्था गर्ने प्राथमिकता रहेको पनि श्री थापाले उल्लेख गर्नु भयो। उहाँले दार्जीलिङवासीलाई स्वच्छ र सफा मल रोड फिर्ता गर्ने वचन दिंदै आगामी स्वतन्त्रता दिवस पन्ध्र अगस्टदेखि चौरास्ता र मल रोडमा कुनै पनि दोकान नरहने घोषणा गर्नु भएको छ।

****** ० ******

**जिटिए – पर्यटन**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले दार्जीलिङको रक गार्डन अनि गङ्गा माया पार्क महत्वपूर्ण पर्यटकिय स्थल हुनाले यी दुई स्थलको पूर्ण रूपले रूपान्तरण गर्ने योजना बनाएको छ। यी दुई स्थलमा पुग्ने वैकल्पिक बाटोको निर्माण पनि गरिने पर्यटन विभागका सभासद नोर्देन शेर्पाले बताउनु भएको छ। गङ्गामाया पार्कमा पर्यटन विभागले केही दिन अघि विभिन्न सरोकारीहरूलाई लिएर सफाई अभियान चलाएको जानकारी दिनु हुँदै सितम्बर महिना भन्दा अघि नै यी स्थलहरूको सुन्दरीकरण हुने श्री शेर्पाले जानकारी दिनु भएको छ।

*******

**मदिरा**

पश्चिम बंगाल सरकारले राज्य उत्पाद शुल्क संग्रहमा लक्षित वृद्धिलाई पार गर्ने उद्देश्यले वित्तीय वर्ष 2024-25 को अंत सम्म विभिन्न मदिरा अनि बियर ब्रांडहरुको मूल्यमा वृद्धि गर्ने संभावना माथि विचार गरेको छ। राज्य उत्पाद शुल्क निदेशालय सुत्र अनुसार, नयाँ मूल्यांकन पछि वर्तमान मदिरा अनि बियर ब्रांडहरुको उत्पादन लागतको मूल्यांकन गर्नका लागि अभिरुचि का अभिव्यक्तिहरुको मूल्यांकन गरिनेछ। एक सूत्र अनुसार अभिरुचि का अभिव्यक्तिहरुको मूल्यांकनको आधारमा, अंतिम प्रति-बोतल मूल्य अनि यसमाथि लगाइने राज्य उत्पाद शुल्कको निर्धारण गरिन्छ। यस वर्ष मदिरा निर्माताहरुबाट अभिरुचिका अभिव्यक्तिहरु मांग्ने अनि यसको मूल्यांकनको प्रक्रिया अघि बाटै शुरू भइसकेको छ अनि यस मूल्यांकन रिपोर्ट को अंतिम प्रभाव मदिरा अनि बियर ब्रांडहरुको मूल्यमा शिघ्रनै देखिनेछ।

****** ० ******

**मौसम**

**राज्यको राजधानी कोलकाता अनि यसका वरिपरिका क्षेत्रहरुमा आगामी 24 घंटाको अवधि आकाशमा बादल बनी रहनका साथै गरजन साथ हल्कादेखि मध्यम वर्षा हुन सक्ने संभावना मौसम विभागले व्यक्त गरेको छ। यसको साथै गर्मी पनि बनीरहने छ भनी विभागले बताएको छ। यस्तै प्रकारको मौसम एक हफ्ता सम्म बनी रहने विभागले बताएको छ। अलीपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालयको तर्फबाट आज जारी बयानमा यस बारे जानकारी दिइएको छ। उत्तर बंगालको** अलीपुरद्वार, कूचबिहार, जलपाईगुड़ी, दार्जिलिंग अनि कलेबुङ्गमा पनि हाल लगातार वर्षा को क्रम जारी रहने तथा वर्षा

रोकिए पछि गर्मी को अनुभव हुने अनुमान पनि मौसम विभागले व्यक्त गरेको छ। यसको साथै मौसम विभागले जनतासित भारी वर्षा हुन सक्ने संभावना रहेको क्षेत्रहरुमा सतर्कता बनाइ राख्ने सलाह पनि दिएको छ।

*******

**मनु भाकेर**

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले पेरिस ओलम्पिक २०२४ मा १० मिटर एयर पिस्टल इभेन्टमा कास्य पदक जितेर भारतको पदक तालिकाको उद्घाटन गरेकोमा मनु भाकरलाई बधाई दिनु भएको छ। राष्ट्रपतिले शूटिंग इभेन्टमा ओलम्पिक पदक जित्ने पहिलो भारतीय महिला भएको बताइन्। उहाँले मनु भाकरप्रति भारतलाई गर्व रहेको बताउनु भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले यो भारतका लागि ऐतिहासिक पदक भएको बताउनु भएको छ। यो एक अविश्वसनीय उपलब्धि हो।

****** ० ******

**अतिक्रमण**

दक्षिण दिनाजपुर जिल्लाको गंगारामपुरमा अतिक्रमण विरुद्ध नगर पालिकाको अभियान बंद भए पछि शहर मा एक पल्ट फेरि अतिक्रमण शुरू भएको छ। शहरको फुटपाथहरुमा एक पटक फेरी दोकानहरु लगाउन शुरु भएको छ। शहरवासीहरुले केही दिन अघिमात्र अवैध अतिक्रमण विरुद्ध अभियान चलाउने नगर पालिका चुप किन छ भनी प्रश्न पनि उठाउन थालेका छन्। उल्लेखनीय छ राज्य भरी अवैध अतिक्रमण हटाउन विरुद्ध मुख्य मंत्री ममता बनर्जी को निर्देशमा सम्पुर्ण राज्य सहित गंगारामपुर नगर पालिकाले पनि अतिक्रमण विरुद्ध अभियान चलाएको थियो। अतिक्रमण विरुद्ध नगर पालिकाको अभियान अचानक रोकिएको माथि पनि स्थानीयहरुले प्रश्न खड़ा गरिरहेका छन्।

*******

अधीर रंजन चौधरी

कंग्रेस नेता अधीर रंजन चौधरीले पश्चिम बंगालमा अराजकताको स्थिति सामना गर्नु परिरहेको बताउँदै भन्नुभयो चाडै चुनाव होस् या नहोस् नामंकन भर्न जादा चुनाव पूर्व अनि चुनाव पछि राज्यवासीले हिंसाको सामना गर्न परिरहेको छ।
उहाँले राज्यमा शान्तिपूर्ण ढंगमा चुनाव सम्पन्न हुन नसकेको दाबी गर्नु भएको छ ।चुनावमा । जस्तो प्रकारले हिंसाको माहोल श्रृजना भएको थियो, ती सबै घट्नाहरु क्यामेरामा कैद भएको छ। चुनाव समाप्त भए पछि पनि विपक्षिकाहरुलाई सत्तारुड दलले पुलिसको सहयोगमा डराएर धम्काएर अन्य दलकाहरुलाई आफ्नो पार्टीमा गाभ्ने सिलसिला जारी राखेको छ भन्दै आरोप लगाउनु भयो।

*******

**खासमल कृषक**

मिरिक बस्ती खासमल कृषक संगठन गठन गरिएको छ। यस संगठनमा ५० जनालाई कार्याकारी सदस्य चयन गरिएको छ। मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेश राईले मिरिक खसमल बस्ती क्षेत्रको बिकास अनि किसानहरुको सर्वाङ्गिन हितमा कार्य गर्नु नै संगठनको मुल उदेश्य रहेको जानकारी दिनु भएको छ।

*******

**कराते**

दार्जीलिङ जीटीए क्षेत्र अन्तर्गत कालेबुङ जिल्ला गीतकोलबोङ बस्तीका कराते खेलाडी सिहान सुशन थापाले एशियाली कराते महासंघको उच्च स्तरीय निर्णयक परीक्षामा सफलता प्राप्त गरेका छन्। भुटानको राजधानी थिम्पुमा भएको यो परीक्षा एशियाली कराते महासंघद्वारा सञ्चालित गरिएको थियो ।

. *******